

# तल्लो खारे खोला जलविद्युत खबर

तल्लो खारे खोला

माघ २०७३, अंक ३

## आयोजनाको हालको निर्माण अवस्था

तल्लो खारे खोला जलविद्युत आयोजना स्थलमा प्रोफेश्नल नेटवर्क फर इन्जिनियरिङ्ग प्रा. लि. ले आयोजना निर्माण कार्यको सुपरिवेक्षण गरिरहेको छ । त्यस्तै, पेनस्टक पाइप बनाउनको लागि इंडियन स्टील कम्पनी "जिन्डल स्टील एण्ड पावर लिमिटेड" सँग स्टील पाता किन्ने सम्झौता भइसकेको छ । उक्त स्टील पाता खरिद गर्नको लागि बैंक अफ काठमाण्डौं लुम्बिनी लिमिटेडमा एल.सी (Letter of Credit) खोलिएको छ र स्टील पाताहरु बनाउने कार्य सुरु भइसकेको छ । पेनस्टक पाइपलाइनको सिभिल संरचना निर्माण गर्ने ठेकेदार, हाइड्रो मेकानिकलको ठेकेदार छनौट गर्ने प्रक्रिया सम्पन्न भएको छ ।

माघ १९, २०७३ मा पाइपलाइन निर्माण कार्य अगाडि बढाउन हाइड्रो मेकानिकल र सिभिल ठेकेदारसँग सम्झौता गर्नको लागि स्वीकृती पत्र दिइएको छ । यस्तै, माघ २०, २०७३ मा आयोजनाको विद्युतगृहदेखि सबस्टेशन सम्मको १३२ के. भी प्रसारण लाइनको विस्तृत सर्भे सम्पन्न भएको छ । स्थानीय सरोकार समितिको अगुवाईमा आयोजनाको पावर हाउस रहने स्थल देखि आयोजनाको हेडवर्कस सम्म बाटो फराकिलो गराइने क्रममा २०,५३० घनमिटर माटो निकाली बाटो खन्ने काम भइरहेको छ । यसरी स्थानीय सरोकार समितिले पाइपलाइन रहने ठाँउमा ७५० मिटर बाटो खनिसकेको छ ।



ग्याबियन वाल लगाइदै



सरोकार समितिले बाटो खन्दै



हेडवर्कस स्थल

यस कम्पनीले भाडामा लिएको करिब ३० रोपनी जग्गामा जाने प्रवेशमार्ग खन्ने कार्य सम्पन्न गरेको छ । उक्त भाडामा लिइएको जग्गा यस आयोजनालाई आवश्यक पर्ने सामानहरु भण्डारण गर्न, पाइप बनाउन प्रयोग हुने रोलिङ्ग मेसिन राख्न, फेब्रिकेशन गरिएका पाइपहरु भण्डारण गर्न साथै हाइड्रो मेकानिकल र ठेकेदारको लागि क्याम्प हाउस बनाउन प्रयोग गरिने छ । आयोजनाले थप २३ रोपनी जग्गा भाडामा लिएको छ । हेडवर्कसको निर्माण कार्य सुरु गर्न सर्भे सम्पन्न गरिसकेको छ । डिस्याण्डर संरचना निर्माण गर्ने ठाँउमा १,९०० घनमिटर माटो खन्ने काम भइसकेको छ । साथै बाटो र पाइपलाइनको संरक्षणको लागि ग्याबियन वाल लगाउने कार्य भइरहेको छ ।



आयोजना व्यवस्थापन टिम



सरोकार समितिले बाटो फराकिलो गर्दै



ग्याबियन वाल लगाउने कार्य भइरहेको


**सम्पादकः पार्वती पराजुली**

**युनिभर्सल पावर कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४१०१०९७, ४२५१४६३,**

**ईमेल : lowerkhare_upcl@chf.com.np**

**वेबसाइट : www.universalpowercompany.com.np**